हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०१ अंक : १८५ पृष्ठ : ४ २०७७ माघ २३ गते शुक्रबार (Friday 05 February 2021) www.lahanpost.com मूल्य रु. ५।-


FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६

जे.डी.

स्टेशनरी एण्ड स्पोर्टर्स सेन्टर

लहान-६



यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

**• बन्दले सिरहाको जनजीवन प्रभावित •**

## दर्जनौ सवारीसाधन तोडफोड, धनुषामा प्रहरी र प्रदर्शनकारीबीच





**सिरहा ।** नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रचण्ड-नेपाल पक्षद्वारा सरकारले संविधानलाई वेवास्ता गर्दै संवैधानिक निकायहरूमा नियुक्ति गरेको भन्दै त्यसको बिरोधमा आहवान गरेको आम हड्तालका कारण बिहीबार सिरहा लगायत प्रदेश २ को जनजीवन प्रभावित भएको छ ।

बन्द आह्वानका कारण जिल्लाबाट लामो तथा छोटो दुरीका चल्ने यातायात संचालनमा आएनन् । फाटफुट रूपमा भने मोटरसाइकल र सिटि रिक्सा गुडेका थिए । अधिकांश बजारहरू बन्द रहे । फाटफुट रूपमा खुलेका पसलहरू पनि प्रदर्शनकारीले बन्द गराएका थिए । स्थानिय प्रशासनले कडा सुरक्षा व्यवस्था मिलाएपनि बिहानैदेखि बन्द सफल पार्न सडकमा निस्केका प्रचण्ड-नेपाल समूहका कार्यकर्ता सरकारबिरूद्ध चर्को नाराबाजी र दिनभर प्रदर्शनलाई जारी राखेका थिए । आमहड्तालका क्रममा एम्बुलेन्स, पानी, दुध र संचारकर्मीको गाडीमा भने अवरोध गरिएन् ।

बन्दका कारण यहाँका सम्पूर्ण विद्यालय, कल काखाना, निजी बैंकहरू तथा बजारहरूबन्द रहेके छन् । नेकपा केपी शर्मा ओलीले भोली २३ गते काठमाडौंमा आयोजना गरेको शभालाई प्रभावित गर्नेगरी आह्वान गरेको नेपाल बन्दका कारण सिरहाको पश्चिमी

________बाँकी ४ पेजमा

## बन्दमा देशभर १८८ पक्राउ, ३३ सवारी तोडफोड

नेकपा (दाहाल-नेपाल समूह)ले गरेको हड्तालका कारण बिहीबार मुलुकभरको जनजीवन प्रभावित भएको छ । गृह मन्त्रालयले यातायातसहित कलकारखाना उद्योगधन्दा सञ्चालन गर्न आग्रह गरेको थियो । राजधानी काठमाडौंमा ट्याक्सी र मोटरसाइकललगायत साना सवारी सञ्चालन भए पनि ठूला सवारी भने सञ्चालन हुन सकेनन् । बजार पसल भने दिनभर बन्द नै रहे ।

राजधानी बाहिर भने उपत्यकामा जस्तो बन्दको ठूलो

________बाँकी ४ पेजमा

सूचना ! सूचना !! सूचना !!!

MASSEY FERGUSON

**मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा**



रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट ।

यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।

गिफ्ट किसिम :-
- a) Led TV-24"
- b) Fridge - 170 Ltr.
- c) Leveller



हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क स्थान :- **रत्ना ओटो** पडरिया-१, लहान सिरहा

फोन नं. :- ०३३-५६२१३५
मोवाईल :- ९८०११५१४३८

**श्री सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि.**

लहान न.पा.-३, सिरहा

**कर्मचारी आवश्यकता**

यस श्री सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि. केन्द्रीय कार्यालय लहान-३, सिरहालाई तपसिल बमोजिमका कर्मचारी आवश्यक भएको हुँदा योग्य सक्षम दक्ष अनुभवी व्यक्तिहरुले नागरिकता प्रमाण-पत्रको फोटोकपी सहित आ-आफ्नो योग्यताको प्रमाण-पत्र, बायोडाटा, पासपोर्ट साईजको फोटो २ प्रति सहित लिखित निवेदन मिति २०७७।११।०५ गते भित्र संस्थाको कार्यालय लहान-३ मा दरखास्त फर्म भर्न आव्हान गरिएको छ ।

तपसील

| क्र.सं. | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १. | कार्यालय सहायक (चौंथो तह) | १ | (क) १२ कक्षा उत्तीर्ण वाणिज्य संकायमा । (ख) कम्प्यूटर सम्बन्धी ३ महिनाको तालिम प्राप्त गरेको । (ग) १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको । |
| २. | बजार प्रतिनिधि (तेस्रो तह) | केही | (क) SEE उत्तीर्ण भएको । (ख) १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको । |

नोट:- स्थानीयलाई विशेष ग्राहयता दिनेछ ।
छनौट प्रकृया सम्पर्क मितिमा जानकारी गराईनेछ ।
सम्पर्क मिति : २०७७।११।०६ गते विहीबार ।

कर्मचारी भर्ना उप-समिति संयोजक

सम्पर्क नं. ९८४२८४०१३७, ९८०१५३२२२९, ९८०७७४३२८३




**बगैंचा सहितको जग्गा बिक्रीमा**

लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, १५ वटा कटहरको रुख, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।

सम्पर्क नम्बर : ०३३-५६०२१९
मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०




**फ्रेन्डस मोडेल हस्पिटल, लहान-४**

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# तस्बिरमा दाहाल–नेपालको नेपाल बन्द

*संवैधानिक निकायमा सरकारले पदाधिकारी नियुक्ति गरेको विरोधमा नेपाल कम्युनिस्ट पार्टीको दाहाल–नेपाल समूहले बिहीबार नेपाल बन्द गऱ्यो । बन्दका कारण लामो तथा छोटो दूरीमा चल्ने सवारी साधन प्रभावित भए । उद्योग धन्दा, कार्यालय, शैक्षिक संस्थाहरू बन्द रहे । कार्यकर्ताले सडकमा नाराबाजी र प्रदर्शन गरेका छन् । हेरौं केही तस्बिर :*











# लोकतन्त्रको विकृतिमा देशको दुर्दशा

डा. देवीप्रसाद आचार्य



लोकतन्त्रमा जनप्रतिनिधिहरू जनताका पक्षमा काम गर्ने राजनीतिकर्मी हुन् । समाजसेवी हुन् । कानुन निर्माता हुन् । तर, नेपालको लोकतान्त्रिक इतिहासमा जनताको प्रतिनिधिहरूले देश विकास र जनहितमा काम गर्न नसकेको आम नागरिक बुझाइ रहेको पाइन्छ । प्रतिनिधिसभामा देश विकासको एजेन्डाहरूमा सांसदहरूले छलफल गरेको पाइँदैन । देशमा हुने गरेको भ्रष्टाचार, आर्थिक अनियमितता, कालो बजारी, ठेक्कापट्टामा हुने कमिसन, कृषकका समस्या, उद्योगधन्दा स्थापना, स्वास्थ्य सेवा, शिक्षाको गुणस्तरलगायतका समाजका जल्दाबल्दा समस्याहरूका बारेमा उनीहरूले छलफल एवं बहस भएको पाइँदैन । खालि सांसदहरूले आफ्नो सुविधा, आपसी खिचातानी, घोचपेच, टुटफुट, भागबण्डा, सरकार गिराउने वा बनाउनेजस्ता क्रियाकलापहरूमा समय खर्चेको यिनीहरूको कर्मले पुष्टि गर्दछ । देशका जनप्रतिनिधिहरूको भूमिका कमजोर हुने गरेको उनीहरू आफैं पनि स्वीकार गर्दछन् ।

लोकतन्त्रको अर्थ जनताको शासन भन्ने हुन्छ । हाम्रो देशमा जनताबाट सांसदका लागि निर्वाचित भएपछि बहुमतप्राप्त दलको नेतालाई प्रधानमन्त्री वा मन्त्री बनाउने चलन छ । पञ्चायती व्यवस्थामा प्रधानमन्त्री र मन्त्रीहरू राजाले मनोनित गरेझैं लोकतन्त्रमा बहुमतप्राप्त दलको नेतालाई प्रधानमन्त्रीको रूपमा चयन गर्ने व्यवस्था छ । अनि प्रधानमन्त्रीले अन्य मन्त्रीहरू बनाउने गरेको पाइन्छ । यसो हेर्दा योग्यताको आधारभन्दा पनि आफू निकटकाहरू वा भागबण्डामा पर्नेहरू नै मन्त्रीहरू हुन सफल भएको पाइन्छ । त्यसैले, सरकार बनाउने र गिराउने काममा जनप्रतिनिधीहरू लाग्ने गर्दछन् । लोकतन्त्रका तीन दशकमा २७ पटक सरकारहरू बदलिए । मन्त्रालयहरू फुटाउने र मर्ज गर्ने काम भयो । पार्टी फुटाउने र जुटाउने काममा जनप्रतिनिधिहरू प्रयोग गरिए । राजनीतिलाई पद प्रतिष्ठा र आय आर्जनको भऱ्याङ बनाउने काम गरियो ।

जननिर्वाचित सरकारले सिंहदरबारभित्र देश विकासका योजनाहरू बनाउनुपर्ने र विकास निर्माणका कामहरू गर्नुपर्ने बखतमा आन्तरिक घात, प्रतिघात र अप्रजातान्त्रिक चरित्रमा फस्दै जानु मुलुकको दुर्भाग्य हो । सिंहदरबारले भ्रष्टाचार, नातावाद, कृपावाद एवं आशीर्वादजस्ता विकृतिहरू रोक्न सकेन । दण्डहीनताको अन्त्य गर्न सकेन । राज्य अनुदारवादी राजनीतिक अभ्यास र स्वार्थ केन्द्रित यात्रामा अगाडि बढ्दै जानाले मुलुक दक्षिण एसियाका सत्ताइस वटा देशहरूमा अफगानिस्तान पछाडिको दोस्रो गरिब मुलुकका रूपमा दरिन पुग्यो । युवाहरू विदेशमा निर्यात गरिए । उद्योगधन्दाहरू बन्द गरिए । उत्पादन घट्दै गयो । व्यापार घाटा बढ्दै गयो ।

देशका ठूला राजनीतिक दलहरूको आन्तरिक असमझदारी र लुछाचुँडीकै कारण संविधान सभाबाट लोकतान्त्रिक संविधान बनाउन आठ वर्ष लाग्यो । गरिब जनताले तिरेको करबाट अर्बौं ढुकुटी खर्च गरियो । संविधान निर्माणको एक दशकको समयमा विकास निर्माणका कामहरू ठप्प भए । देश विकासको गहन जिम्मेवारीलाई ओझेलमा पारेर राजनीतिक दलहरू आपसी खिचातानी, सत्तास्वार्थ र अकर्मन्यतामा अभ्यस्त भए । दलका नेतागणहरूले लोकतन्त्रको दुहाइ दिँदै जनतालाई सपनाहरू बाँड्नमा नै समय खर्च गरे । सत्तास्वार्थमा लाग्दै गए । अहिले लामो समय र अर्बौं खर्चेर बनाएको संविधानलाई कुल्चने काम भएको छ ।

लोकतान्त्रिक अवधिमा समाजमा धेरै समस्याहरू सिर्जना भएको पाइन्छ । गरिबी, अभाव, महँगी, भ्रष्टाचार, नातावाद, कृपावाद, छाडावाद, तस्करी, कालोबजारी, सामाजिक द्वन्द्व, जातिवाद, वैमनस्य, वैदेशिक रोजगारको बाध्यतालगायतका समस्याहरू सिर्जना व्याप्त छन् । सार्वभौम र अखण्ड राष्ट्रका स्वतन्त्र नागरिकहरूलाई वैदेशिक हस्तक्षेप, परनिर्भरतालगायतका मनोवैज्ञानिक राष्ट्रिय चेतनाको दु:ख पनि लोकतन्त्रभित्रको आयातित रोग नै बन्न पुग्यो । विश्व इतिहासमा ६ वर्षभित्रमा दुईपटक संविधानसभाको चुनाव हुने देश नेपाल मात्र हो । दलहरूले संविधानसभाबाट संविधान बनाएर राजनीतिक रूपमा देशलाई ७ सय ६१ प्रशासनिक एकाइहरूमा बाड्ने काम गरे । संघीयतामा लगे । अहिले गाउँगाउँमा सिंहदरबार भनिएको छ । सिंहदरबार र जनताको सम्बन्ध कस्तो थियो भन्ने हेक्का नगरी गाउँगाउँमा सिंहदरबार भनियो । देशमा सिर्जना भएका विकृति र विसंगतिको उद्गम थलो नै सिंहदरबार भएको चेतना भएका जनताले सिंहदरबारको विकृति गाउँगाउँमा फैलिएको भन्ने गरेका छन् । आर्थिक अनियमिता केन्द्रदेखि गाउँसम्म झाँगिएको अवस्था छ ।

अहिले राजनीतिक कोणबाट हेर्दा समाजमा धेरै प्रश्नहरू सिर्जना भएका छन् । के राजनीतिक परिवर्तन मात्र जनताको चाहना थियो त ? के जनताले एकथान संविधानको किताब मात्र चाहेका थिए ? जननिर्वाचित सरकारले नागरिकहरूका आवाजहरू सुन्नुपर्छ कि पर्दैन ? नागरिकहरूका दैनिकीसँग जाडिएका तमाम समस्याको समाधान गर्ने दायित्व राज्यको हो कि होइन ? राज्यले देशको प्रशासनिक संयन्त्रलाई विकासमुखी बनाउनुपर्छ कि पर्दैन ? जनमुखी बनाउनुपर्छ कि पर्दैन ? मुलुकका अगाडि तेर्सिएका तमाम समस्याहरूको समाधान गर्दै सामाजिक रूपान्तरण र आर्थिक समृद्धिको बाटोमा देशलाई हाँक्न सक्ने राजनेता नागरिकहरूले कहिले पाइएला ? आदि इत्यादि ।

हाम्रा नेतागणहरू सत्ताप्राप्ति र स्वार्थसिद्ध गर्नका लागि जस्तोसुकै राजनीतिक गठबन्धन र सम्झौता गर्न पनि पछाडि नपर्ने भएकोले राजनीतिक विसंगतिहरू झाँगिएका छन् । जनभावनालाई बेवास्ता गर्दै कुर्सी मोहको खेलमा राजनीतिक दलहरू अभ्यस्त हुँदा देश लथालिंग भएको छ । दोस्रो जनआन्दोलन २०६२ र ६३ पछाडि नागरिकहरूले तीव्र आर्थिक विकास र समृद्ध समाजको निर्माण हुनेछ भन्ने विश्वास गरेका थिए । राजनीतिक व्यवस्था परिवर्तनको पछाडि देशको विकास र जनताको अवस्थामा सुधार गर्नु थियो । लोकसत्ताको स्थापना गरी विकास निर्माण गर्नु थियो । सबैलाई समान अवसर दिई सामाजिक विभेदहरूको अन्त्य गर्नु थियो । तर, त्यसो हुन सकेन । दलहरू आन्तरिक किचलोमा रूमलिँदा जनताको समृद्धि र देशको विकासलाई बेवास्ता गरे । यसो हुनमा विशेष गरेर ठूला दलका शीर्ष नेतागणको अल्प चिन्तन र अवसरवाद नै कारक तत्वको रूपमा रहेको देखिन्छ ।

त्यसो त मुलुक आजको अवस्थामा आइपुग्नुमा राजनीतिक दल र यिनका शीर्ष भनिने नेतागणहरू मात्र दोषी छैनन् । राज्यले बाटो बिराएको बखतमा सरकार र राजनीतिक दलहरूलाई देश र जनताको लागि जिम्मेवार बनाउन सक्ने शक्ति देशको बुद्धिजीवीवर्ग हो । नागरिक समाज हो । तर, लोकतन्त्रको अभ्यास हुँदै गर्दा देशका बुद्धिजीवी र नागरिक समाज विभिन्न राजनीतिक दलहरूका आस्थामा विभाजित हुनपुगे । फलत: नागरिक समाज बलियो बन्न सकेन । बौद्धिकहरूले अफ्ना, विचार, दृष्टिकोण, टीकाटिप्पणी, खण्डन–मन्डन गर्दा स्वतन्त्र हुन सकेनन् । निष्पक्ष हुन सकेनन् ।'

माथि उल्लिखित देशको अवस्थाले मूल कानुन र यसअन्तर्गतका नीति–नियमहरूको प्रबन्ध गरेर मात्र देशको विकास हुने रहेनछ भन्ने पुष्टि गर्दछ । नेपालमा सात दशकको अवधिमा सातवटा संविधानहरू बनिसकेका छन् । विगतमा राम्रो संविधान नबनेर देश विकास नभएको भन्ने दलहरूको बुझाइ असत्य भएको छ । देश विकास गर्न दृष्टिकोण चाहिन्छ । सत्ताको बागडोरमा पुगेको नेतृत्वमा अठोट, विश्वास र भीष्म प्रतिज्ञा चाहिन्छ । लोभ, लालसाविहीन जनउत्तरदायी सरकार चाहिन्छ । सामाजिक अनुशासन, जनमुखी प्रशासनतन्त्र, कर्मशील जनता र राष्ट्रिय एकताजस्ता देश विकासका पूर्वाधारहरूलाई मजबुत बनाउन सक्ने सरकार चाहिन्छ । प्रधानमन्त्री चाहिन्छ ।

अब हाम्रो मुलुकमा राजनीतिक परिवर्तनको कुनै ठाउँ छैन । राजनीतिक परिवर्तनका लागि जनताले त्याग, तपस्या र बलिदान गरे । मुलुकमा गणतन्त्र आएको छ । लोकतन्त्र आएको छ । यी परिवर्तनहरू अहिलेसम्म आम नागरिकका लागि कागलाई बेल पाक्यो हर्ष न विस्मातजस्तै भए तापनि लोकतन्त्रको विकल्प सुधारिएको लोकतन्त्र नै हो । तसर्थ, राजनीतिक दलहरूले विशेष गरेर दलका शीर्ष भनिने नेतागणहरूले नागरिकहरूलाई राजनीतिक शब्द जालमा फसाएर

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । आम्दानी बढाउने काम सुचारु गर्न सकिनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**वृष** :- साथी भाईको भेटघाटले मन प्रफुल्ल रहला । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ । धार्मिक यात्राको योग पनि रहेको छ ।

**मिथुन**:- सहयोगी हातहरु अघि बढ्नेछन् । आफन्तको प्रगतिमा मन रमाउनेछ । व्यापार व्यवसायमा फाईदा होला । पुनर्मिलनको योग पनि रहेको छ ।

**कर्कट** :- आज शुभ समाचार सुन्न पाइनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कामसमेत सम्पादन हुनेसक्छ ।

**सिंह**:- आज धार्मिक र मनोरञ्जनात्मक क्षेत्रमा भ्रमण हुनसक्छ । दाजुभाइ वा नजिकका मित्रले सकेको सहयोग र सद्भाव प्रदान पनि गर्नेछन् ।

**कन्या** :- जोश जाँगर र हिम्मत बढ्नेछ । धर्म, कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ ।

**तुला** :- मंगल कार्यको योग छ । आँटेको र ताकेको कार्य पुरा होला । पारिवारिक सद्भाव बढ्नेछ । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ ।

**वृश्चिक** :- आज धर्म कर्म र सामाजिक कार्यमा मन जानेछ । वैदेशिक कार्यमा सफलता मिल्नेछ । आफूले काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।

**धनु** :- स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । आफ्नो अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला । शैक्षिक क्षेत्रपनि कमजोर रहने देखिन्छ ।

**मकर**:- इच्छा र आकांक्षा पूर्ण हुनेछन् । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । लामो समयदेखि रोकिएका अधुरा कार्यहरु पुरा हुनेछन् ।

**कुम्भ**:- आज अतिथिको रूपमा सत्कार पाइएला । रोकिएको काम दोहोर्याएर प्रयत्न गर्दा फाइदा हुनेछ । आफ्नै दक्षतामा कार्यहरु सम्पन्न हुनेछन् ।

**मिन** :- अनावश्यक धन खर्च हुँदा मानसिक चिन्ता वढ्नेछ । बेसुरमा वचन दिने बानीले अप्ठ्यारो पार्न सक्छ । योजना गोप्य राखेर अघि बढ्नुहोला ।

# अन्यौलता चिर्न ताजा जनादेश नै उपयुक्त

**गाउँघर**

राजकुमार राउत



**को**रोना नयाँ भाइरसको उत्पत्ति, म्यानमार (बर्मा) को निर्वाचित सरकारलाई पदच्यूत गरी सैनिक 'कु' र नेपालको निर्वाचन कि संसद पुनस्थापना हाल विश्वका चर्चित प्रसंगमा पर्छन् । म लेखक राजनीति शास्त्रको अध्ययन गर्ने व्यक्ति परेको हुनाले एक जना राजनैतिक शास्त्रका विद्धानले पूर्ण स्वतन्त्रता जंगली जनावर जस्तै हुन्छ भनेका थिए । जसलाई अ ं ग ्र े ज ी म ा (Absolutely freedom is like a wild animal). सोही परि नेपालका राजनैतिक शासनका अत्यधिक बहुमतका बेला प्रधानमन्त्रीहरूले आफ्नो असीमित शासन शक्तिको बलले प्रतिनिधिसभा विघटन गरेका उदाहरणहरू छन् । नेपाली कांग्रेसको पालामा यस्तो भएको हो र कम्युनिस्टको दुई तिहाई बहुमत भएको बखत पनि त्यस्तै रवैयाहरूको पुनरावृत्ति भैरहेको छ । नेपालका जानेमाने विद्धान प्रोफेसर कृष्ण खनालका अनुसार वर्तमान सरकारको तीन वर्ष मध्ये दुई वर्ष लडाइँ झगडामा नै व्यतित भएको छ । न चुनाव कि पुनस्थापना चिया पसल देखि, पाहुना पसलसँगको गफ, टेबुल टकदेखि सरकारी कार्यालयमा २।४ जना कर्मचारी जम्मा हुँदा संघ संस्थाको भेला भोज भतेर इत्यादिमा पनि यिनै चर्चा सर्वाधिक भइरहेका हुन्छन् ।

नेकपाका एक तप्का ओली समूह र अर्को माधव नेपाल तथा पुष्प कमल दाहाल (प्रचण्ड) को अहोरात्र अभ्यास पनि यी दुवै शीर्षकमा भैराखेका छन् । प्रधानमन्त्री ओलीले सम्पूर्ण सामर्थ र शक्ति निर्वाचनको लागि खर्चि राखेका छन भने अर्को तर्फ नेपाल–दाहाल समूहले पुनस्थापनाको लागि सडक आन्दोलन, आम सभा, देश दौड्हा पार्टी संगठन, आम जनता, संचार, नागरिक समाज, निर्वाचन आयोग र सर्वोच्च अदालत सम्म आफ्नो प्रयास र अनुरोधलाई जारी राखेका छन् । निर्वाचन आयोगलाई पनि नेकपा एक कि दुई भन्ने निर्णय गर्न हम्मे हम्मे परेको छ । कहिले एउटा समूहलाई त कहिले दुईटै समूहलाई बेलाउने देखि आधिकारिक निर्णय र दस्तावेज झिकाउने देखि सरोकार पक्षसँग वार्तालापलाई कार्य सूचिमा राखेर बैधानिकतालाई ठम्याउने र निर्णय गर्ने अभ्यासमा छन् । सर्वोच्च आदालतले यस विषयलाई लामो संवैधानिक दायरा तयार गरी संवैधानिक इजलासमा राष्ट्रिय–अन्तर्राष्ट्रिय रूपमा संवैधानिक औचित्यतालाई सावित गर्ने अध्ययन र अन्वेषणमा जुटेको छ । महाभारतमा भगवान श्री कृष्णको भूमिका १८ अध्यायमा अर्जुनलाई सम्झाउँदा गीताको अठारह अध्याय पूरा भए जस्तै यसपालीको यी विषयको फैसला र निर्णय एउटा ठूलो पुस्तक नै तयार होलाकी भन्ने अनुमान गरिँदै छ । सय जना कानुनवेत्ता तथा अनुभवी कानुन व्यवसायीहरूले वकालत नामा गरी सबैको बहसलाई सर्वोच्चले आफ्नो अध्ययनको फेहरिस्त बनाएर उचित फैसला दिने कसरतमा छ ।

नागरिक समाज र बुद्धिजिवीहरू माझ विघटनको कारण त्यति ठूलो र गम्भीर नभएको तर्कहरू उब्जेका छन् । प्रधानमन्त्री ओलीले आफू कार्यकारी प्रधानमन्त्री भएर काम गर्दै जाँदा आफ्नै पार्टीका वरिष्ठ र समकक्षी नेताहरूले अनेक चाहिंदो नचाहिंदो दबाव सिर्जना गरी हरेक पाइलामा अंकुश लगाउन खोजेकोले काम गर्ने वातावरण नदेखे पछि विघटन गर्न परेको तर्क दिएका छन् । अर्को तिर पार्टीको अर्को पंक्तिका वरिष्ठ नेताहरू नेपाल र दाहाल समूहले प्रधान मन्त्री अत्यन्तै ताना शाह, निरंकुश एकाधिकारवादी, स्वेच्छाचारी बन्दै गएकोले पार्टीको केन्द्रीय समिति, पोलिटब्यूरो तथा पार्टीका सांसदहरूको राय परामर्शमा प्रधानमन्त्री हिंड्नु परेको र सो नगरी अंवैधानिक तौरले प्रतिनिधिसभा विघटन गरेकोले आफूहरू संविधानको बाटो मार्फत पुनस्थापनाको लागि कसरत गर्नुपरेको दलिल पेश गर्दै आएका छन् । राणा शासनकालामा श्री ३ महाराजले चीफ साहेब, लाट साहेव (प्र.क.ग. प.क.ग. द.व.ज. उ.क.ज. दरवरिया र भारदारीहरूको परामर्श र सल्लाहमा शासन सत्ता सञ्चालन भएको हुन्नथे भन्ने पंचायत कालमा राजा, रानी, यूवराज दरबारका सचिवहरू अञ्चलाधीशहरू तत्कालीन राष्ट्रिय पंचायतका सदस्यहरू प्रधानमन्त्री देखि क्याविनेट मन्त्रीहरूको परामर्श र सुझावमा सत्ता सुचारू हुन्थ्यो तर अहिलेको सन्तुलन बिग्रेकोले राजनीतिमा महासंकटको श्रृजना भएको छ । सम्पूर्ण नेपालीलाई हेक्का रहोस अबको अन्तिम निर्णय सर्वोच्चको पर्खाइमा छ र सबैले फैसलालाई स्वीकार गरी चित बुझउँनै पर्छ । यस बारेमा केही व्यक्तिरूको भनाइ यसरी संकलित

बाँकी ४ पेजमा


| Kanchanpur-Kamala Road (ADB) (Package I & Package II), CREGC | | | |
|---|---|---|---|
| **Post** | **No** | **Requirement** | **Salary** |
| Surveyor | 3 | Experience of survey work for at least one whole project;Male, healthy under the age of 45;Obey the company arrangement; No meal & accommondation; English excellent; Chinese communication is preferred. | all-inclusive salary Rs. 800/day or Rs. 24000 with full attendance, Probation Period 3 Months |
| Asst. Procurement Mgr. | 1 | Excellent procurement experience in importing supplies & equipment from India;Construction Industry experience based;Know quite well of tariff, custom regulations, import process and so forth as his distinguishing competency for the post;English excellent;meal & accommodation to be discussed | to be discussed with the Employer |
| Test Engr. | 1 | With many years of experimental work experience, he can be fully responsible for all management tasks of experimental testing technology. And can lead the team to manage a laboratory individually. Good English.no accommodation/meal | all-inclusive salary Rs. 1000/day or Rs. 30000 with full attendance, Probation Period 3 Months |
| Test Tech. /Tester | 2 | Good English and more than 3 years of work experience. Proficiency in computer operation and ability to compile data. no accommodation/meal | all-inclusive salary Rs. 733/day or Rs. 22000 with full attendance, Probation Period 3 Months |
| Add: Hotel Durbar, Lahan Municipality | | | Contact No.:9805993400 |


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३–५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८५०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

| | |
|---|---|
| लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा |
| मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा |
| कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा |
| गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा |

## दर्जनौ ...

सीमाना बन्दीपुरमा सयौंको संख्यामा सावरी साधान रोकिएको थियो । त्यसैगरी, आन्दोलनकारीको अवरोधका कारण जिल्लाको मिर्चैया, चोहर्वा, गोलबजार, लहान लगायतका बजारहरूमा ट्रक तथा मालबाहक गाडीहरू रोकीएका थिए । लहान प्रहरीले २ जनालाई नियन्त्रणमा लिएको छ । बन्दकर्ताले चल्दै गरेको ट्रकमा ढुङ्गा प्रहार गरेकाले उनीहरूलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । बन्दको अवज्ञा गरेको भन्दै प्रदर्शनकारीले दर्जन बढी सावारीसाधनमा तोडफोड गरेका छन् । प्रहरीले भने समग्रमा स्थिति समान्य रहेको बताएको छ । जिल्ला प्रहरी कार्यालय सिरहाले रात्री बसहरू सबै विहानै गन्तव्यतर्फ गएको र जनजीवन सामान्य रहेको जनाएको छ । आन्दोलनकारीहरूको समूह जिल्लाका प्रत्येक चोकहरूमा बसेरका थिए । आम हड्ताल सफल बनाउन गोलबजारमा पूर्वमन्त्री तथा केन्द्रीय नेता विश्वनाथ साह, प्रदेशसभा सदस्य जगत यादव लगायत सयौं नेता कार्यकताहरू दिनभर सडकमा बसेका थिए ।

नेकपा दहाल–नेपाल समूहका केन्द्रीय सदस्यसमेत रहेका धनगढीमाई नगरपापलिकाका प्रमुख हरीनारायण चौधरी, मिर्चैया नगरपालिकाका प्रमुख श्रवण यादव, कर्जन्हा नगरपालिकाका प्रमुख गंगा पासवान आफै बन्द गराउन सडकमा उपस्थित भएका थिए । उनीहरूले घोषित आन्दोलन सफलतापूर्वक सम्पन्न भएको जनाए । आन्दोलनकारीहरूले ठाउँ ठाउँमा टायर बालेर प्रदर्शन गरेका थिए ।

**सप्तरीको जनजीवन कष्टकर**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रचण्ड–नेपाल पक्षद्वारा सरकारले संविधानलाई वेवास्ता गर्दै संवैधानिक निकायहरूमा नियुक्ति गरेको भन्दै त्यसको बिरोधमा आहवान गरेको आम हड्तालका कारण सप्तरीको जनजीवन प्रभावित भएको छ । बन्द शान्तिपूर्ण रहेको र कोही कार्यकर्ता पत्राउ नपरेको नेकपा प्रचण्ड–नेपाल पक्षका जिल्ला अध्यक्ष अशोककुमार मण्डलले जानकारी दिएका छन् ।

**जनकपुरमा बन्दकर्ता र प्रहरीबीच झडप,**

आम हड्ताल गर्नेक्रममा जनकपुरमा प्रदर्शनकारी र प्रहरीबीच झडप भएको छ । प्रदर्शनका क्रममा जनकपुरको शिव चोकमा प्रहरी र आन्दोलनकारीबीच झडप भएको हो । झडपका क्रममा दाहाल–नेकपा पक्षका केन्द्रीय सदस्य रामचन्द्र झा घाइते भएका छन् ।

नेता झाको टाउकोमा चोट लागेको छ । झडपका क्रममा केही गाडीमा समेत तोडफोडसमेत भएको छ । यस्तै, प्रहरीले केही प्रदर्शनकारीलाई नियन्त्रणमा लिएको समेत जनाएको छ ।

**झडपमा घाइते भएका पूर्वमन्त्री झा र यादवसहित ४ जना काठमाडौ रिफर**

जनकपुरमा प्रहरीसंगको झडपमा घाइते भएका पूर्व मन्त्री रामचन्द्र झासहित चार जनालाई काठमाडौं रिफर गरिएको छ ।

नेकपा प्रचण्ड–नेपाल समुहका नेता पुर्व मन्त्री रामचन्द्र झा, पूर्व मन्त्री मातृका प्रसाद यादव, धनुषाका शहिदनगर नगरपालिकाका प्रमुख उदय बरबरिया यादव र प्रदिप साहलाई थप उपचारका लागि नर्भिक अस्पताल काठमाडौं रिफर गरिएको छ । यसअघि घाइतेहरूलाई तत्कालै जनकपुरधामको प्रादेशिक अस्पतालमा भर्ना गरिएको थियो ।

प्रादेशिक अस्पतालमा उपचार सम्भव नभएपछि उनीहरूलाई साँझ साढे ५ बजे काठमाडौं पठाइएको हो । झा र बरबरियाको टाउकोमा र पूर्वमन्त्री मातृकाको खुट्टामा चोट लागेको छ । पूर्वमन्त्री झाको उपचारमा संलग्न चिकित्सकका अनुसार उनको टाउकोमा ६ वटा टाँका लागेको छ । यता झडपकै क्रममा प्रहरी जवान लालबाबु रायसमेत घाइते भएका छन् ।

बन्दकर्ता नेकपा प्रचण्ड–माधव समूहका प्रदर्शनकारी र प्रहरीबीच जनकपुरधामको शिवचौकमा झडप भएको थियो । जनकपुरधामका पसल बजारहरू बन्द गराउँदै हिँडेका प्रदर्शनकारीहरूबीच झडप भएको थियो । झडपको क्रममा प्रहरीले लाठीचार्ज गर्नुका साथै १ दर्जन राउन्ड हवाइ फायर समेत गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

प्रहरीले शिवकुमार गोहिवार, सुरेश कापर, कारीराम यादव, प्रदिप साह, रूपेश बिराजी, उमेश साह, रंजित पाण्डे, अपराज मण्डल, सुभाष मण्डल र बिरजु बिराजीलाई प्रहरीले नियन्त्रणमा लिएको छ । आन्दोलनकारीले ना १ क ५१२ नम्बरको प्रहरीको भ्यान र ज १ च १५७० नम्बरको मालसमान ढुवानी गर्ने गाडीमा तोडफोड गरेका छन् ।

**जनकपुरमा २७ राउण्ड गोली चल्यो**

आमहड्तालका क्रममा जनकपुरमा प्रहरीले २७ राउण्ड हवाई फायर गरेको छ । नेकपा नेता रामचन्द्र झा र मातृका यादव नेतृत्वको टोलीले जबरजस्ती पसल बन्द गराउँन खोजेपछि व्यापारी र आन्दोलनकारी समूहबीच झडप हुँदा प्रहरीले गोली चलाएको हो ।

आन्दोलनकारीले प्रहरीमाथि समेत ढुङ्गामुडा गरेपछि हवाई फायर र १२ राउण्ड आश्रुग्यास प्रहार गरेको प्रदेश २ प्रहरी कार्यालयले जनाएको छ । झडपमा २ प्रहरी र नेता रामचन्द्र झा घाइते भएका छन् । ११ जनालाई नियन्त्रणमा लिइएको थियो ।

**सडकमा टायर बालेर प्रदर्शन**

आमहड्तालको असर प्रदेश–२ को जनजीवन प्रभावित भयो । फाट्टफुट्ट बाहेकका सवारी साधन ठप्प रह्यो । प्रदेश–२ को राजधानी जनकपुरका अधिकांश पसल बन्द रहे । यस प्रदेशका अन्य जिल्ला पनि प्रभावित बनेका छन् । प्रचण्ड–नेपाल समूहका नेता कार्यकर्ताले सिरहाको लहानस्थित राजमार्गमा विहानैदेखि टायर बालेर प्रदर्शन गरेका थिए ।

## बन्दमा ...

प्रभाव नपरेको प्रहरी प्रधान कार्यालयले जनाएको छ । नेपाल प्रहरीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवरका अनुसार आज साविकको तुलनामा झण्डै ४५ प्रतिशत सवारी सञ्चालन भएको जानकारी दिए । धेरै जिल्लाबाट सुरक्षा सतर्कताका साथ ढुवानी र यात्रुबाहक सवारी काठमाडौं भित्रिएका प्रहरीले जनाएको छ । बन्दका क्रममा सवारी सञ्चालन गरेको भन्दै बन्दकर्ताले काठमाडौंको सामाखुसीमा बिहानै एउटा ट्याक्सीमा आगजनी गरेका थिए । प्रहरीका अनुसार मुलुकभर गरेर एउटा गाडीमा आगजनी गरिएको र ८६ वटा गाडीमा तोडफोड भएको छ । त्यसमध्ये तीन वटा सरकारी गाडी रहेको प्रहरीले जनाएको छ । प्रदर्शन तथा तोडफोडमा उत्रिएका १८८ व्यक्ति पत्राउ परेका र छानबिनपछि ४० जनालाई छाडिएको प्रहरी प्रवक्ता कुँवरले जानकारी दिए । अन्यको विषयमा अनुसन्धान भइरहेको जनाइएको छ । सरकारले आवश्यक सुरक्षा व्यवस्था मिलाएको भन्दै निर्वाधरुपमा सवारी तथा उद्योग व्यवसाय सञ्चालन गर्न सर्वसाधारणमा अनुरोध गरेको थियो । **रासस**

## लोकतन्त्रको ...

राज्यको सुविधामा हालीमुहाली मात्र गरी रहने कि आचरणमा परिवर्तन गर्ने ? कार्यशैली बदल्ने ?

लोकतन्त्र राज्यको व्यवहारमा देखिनुपर्दछ । आचरणमा झल्कनुपर्दछ । लामो समयसम्म लोकतन्त्रको नाममा सीमित व्यक्ति र समूहले राज्यको सुविधामा डकार्ने काम भयो । लोकतान्त्रिक आचरणको अभावमा देशमा भ्रष्टाचार, नातावाद, कृपावाद र दलगतस्वार्थ बढ्दै गयो । राजनीतिक स्थायित्व हुन सकेन । समाज परिवर्तन हुन सकेन । विकासले गतिलिन सकेन । नेपाल भ्रष्ट मुलुकहरूमा १३१औं र दक्षिण एसियाका सत्ताइस वटा देशमध्ये अग्रपंक्तिमा रह्यो । गरिबी घटेन । बेरोजगारी अत्यास लाग्दो भयो ।

राजनीतिक परिवर्तनको नाममा धर्म निरपेक्षता, गाउँ सरकार, नगर सरकार, प्रान्तीय सरकार र केन्द्रीय सरकारजस्ता संरचनाहरु लागू गरिए । सिंहदरबारको अधिकारलाई गाउँस्तरसम्म पु¥याउने लोकतान्त्रिक राजनीतिक प्रतिको सुरूवात गरियो । तर, जनताका समस्याहरु ज्युँका त्युँ रहे । सिद्धान्त आफैंमा खराब नहुन सक्छ । सिद्धान्तका अनुयायीहरूले लोकतन्त्रका मूल्य, मान्यता र मर्मलाई व्यवहारमा प्रयोग नगरेपछि सिद्धान्त आवरणमा मात्र रहन्छ । नेपालमा लोकतन्त्र आवरणमा सीमित रह्यो । जनताको घरआँगनमा पुग्न सकेन । चुलोचौकोमा आउन सकेन । मुलुकका समस्याहरु समाधान गर्न सक्ने सक्षम राजनेता जनताले कहिले पाउलान् ? *साभार : राजधानी डेली डटकमबाट*

## अन्यौलता...

छन् बुद्धिजिवी शिव नारायण साहका अनुसार 'लामो समयसम्म मुलुक संवैधानिक अस्त ब्यस्त हुने गरेकोले नयाँ जनादेशमा मुलुक जाँदा एउटा निकास त हुन्छ । अकौ राजनैतिक व्यक्ति नवीन कार्कीका अनुसार प्रधानमन्त्रीलाई संविधानले कार्यकारणी अधिकार दिई सकेपछि विघटनको अधिकार पनि त्यसै तहत हो । नेपाली कांग्रेसका यूवा नेता रास लाल रायका अनुसार मुलुक निर्वाचनमा जाँदा कांग्रेसले जनतामा गएर आफ्नो सेवाको वाचा बन्धन गरे बहुमत ल्याउन सक्छ । नेपाली कांग्रेसका अर्का नेता फूलेश्वर महतोका अनुसार कम्युनिस्ट मित्रहरूले देशलाई ठप्पको अवस्थामा पुर्‍याउनु हानिकारक अवस्था भन्दा नेपाली जनतालाई पुनः मतदानको अवसर दिनुपर्छ । अर्का बुद्धिजिवी राजलाल गुप्ताका अनुसार मधेसी जनता अहिलेको सरकारबाट कुनै किसिमको मधेसी हक हितको संशोधन पाउँदैन भने अर्कोतर्फ ताजा जनादेश भयो भने मधेसीहरूको हक हितमा वातावरण बन्ने विश्वास गर्छन । समाजसेवी परशुराम निरौलाका अनुसार जे सुकै निर्णय आओस तर समयलाई बिताउनु र अनिर्णयको बन्दी बनाउनु राम्रो होइन भन्ने सुझाउँछन् । बुद्धिजिवी अनिल साहका अनुसार वामपन्थीहरूको यो द्वन्द्व भन्दा निर्वाचन घोषणा भइसकेको अवस्थामा निर्वाचन गर्ने वातावरण सरकारी पक्षबाट भयो भने सबैको ध्यान उता जान्छ र द्वन्द कम हुनसक्ने विश्वास गर्छन । ने.क.पा. लहानका नेता १० नं. वडाका वडाध्यक्ष मंटी मण्डलका अनुसार निर्वाचन नै उपयुक्त बाटो हो भन्ने विचार व्यक्त गर्छन ।


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

औरही गाउँपालिका कार्यालय, सिरहा

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

नरहा गाउँपालिका कार्यालय, सिरहा







लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)